"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"

# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः- २०८२/०८३
चलानी नम्बरः- 2920

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

मितिः २०८३/०२/०९

**विषयः बस्ती तह तथा वडास्तरीय योजना छनोट तथा प्राथमिकीकरण सम्बन्धमा।**

श्री वडा कार्यालय (सबै),
परशुराम नगरपालिका, डडेल्धुरा।

यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०२/०७ गते बसको ८३औं बैठकको निर्णयानुसार नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि तहाँ वडामा गठित वडा समितिले *बस्ती तहमा योजना भेला आयोजना गरी योजना तथा कार्यक्रम छनौट तथा वडास्तरमा उक्त योजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण तथा छनौट गरी मिति २०८३ जेठ २२ गतेभित्र अनिवार्य रूपमा* पठाइदिनुहुन अनुरोध छ। साथै, बस्ती तह तथा वडास्तरमा योजना छनौट र प्राथमिकीकरण गर्दा यसै पत्रसाथ संलग्न मार्गदर्शन र आधारहरू तथा ढाँचाहरूको समेत अवलम्बन गर्नुहुन अनुरोध गरिन्छ।

(शोभा जोशी)
योजना शाखा प्रमुख

(खगेन्द्र साउँद)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री नगर प्रमुखज्यूः जानकारीका लागि अनुरोध छ।
श्री नगर उपप्रमुखज्यूः जानकारीका लागि अनुरोध छ।
श्री योजना शाखाः वडाहरूको योजना छनौट तथा प्राथमिकीकरण कार्यको निरन्तर Follow-up गर्नुहुन।
श्री प्रशासन शाखाः सबै वडा कार्यालयहरू तथा वडा सचिवहरूलाई आजै जानकारी गराउने।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गर्नुहुन।


फोनः ०९६४११००४, फ्याक्सः ०९६४११००४
CamScanner

तपशिल:

**(क) आयोजना तथा कार्यक्रम छनौटमा वडा समितिको भूमिका तथा कार्यहरू**

वस्ती तथा टोलस्तरबाट आयोजना तथा कार्यक्रम छनौट गर्दा वडा समितिको भूमिका तथा कार्यहरूः

१. वडामा रहेका सबै बस्ती तथा टोलहरूको सूची तयारी तथा नक्साङ्कन गर्ने।

२. वस्ती तथा टोलस्तरमा आयोजना तथा कार्यक्रम संकलन कार्यमा सहजीकरण गर्न वडा समितिका सदस्यहरूलाई जिम्मेवारी प्रदान गर्ने।

३. वडा समितिले हरेक बस्तीमा योजना छनौट बैठक आयोजना गर्दा सम्भव भएसम्म सबैलाई पायक पर्ने स्थानमा गर्ने।

४. योजना छनौट भेला हुने दिन, मिति र समयको जानकारी कम्तिमा ३ दिन अगावै सार्वजनिक सूचनामार्फत सबै वस्ती तथा टोलबासीहरूलाई गराउने।

५. योजना छनौट भेलामा महिला, बालबालिका, अपाङ्गता भएका, सीमान्तीकृत तथा पिछडिएका वर्ग, लैङ्गिक अल्पसङ्ख्यक, आर्थिक रूपमा विपन्न, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक, स्थानीय स्रोत व्यक्ति, उद्यमी तथा व्यवसायी प्रतिनिधि, समुदायमा आधारित संस्थाहरूका प्रतिनिधि, आदिको समेत अर्थपूर्ण समावेशी सहभागिता सुनिश्चित गर्ने।

६. आयोजना तथा कार्यक्रम छनौट प्रक्रियामा टोल वा बस्तीभित्रका क्रियाशील सामुदायिक संस्थाहरू (टोल विकास संस्था, आमा समूह, लघु उद्यमी समूह, बाल क्लव, युवा क्लव, नागरिक सचेतना केन्द्र, कृषि तथा पशुपंक्षी समूह, स्वास्थ्य स्वयंसेविका समूह, खानेपानी तथा सरसफाई उपभोक्ता समूह, आदि) लाई पनि सहभागी गराउने।

७. योजना छनौट भेलाबाट बस्ती तथा टोलका आवश्यकता पहिचान गर्दै आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्ने।

८. टोल तथा वस्तीस्तरमा गरिएको आयोजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण गरेको सूची संयोजकले लिखित रूपमा वडा समितिमा पठाउने।

९. वस्ती तथा टोलस्तर भेला तथा छलफलका क्रममा उठान भएका विषयवस्तुको टिपोट, छनौट भएका आयोजना तथा कार्यक्रमहरूको सूची तयारी, अभिलेखीकरण र प्रतिवेदन गरी नगर कार्यपालिकाको कार्यालयमा पठाउने।

१०. वस्ती तथा टोलस्तरबाट छनौट भएका आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रअनुसार छुट्याउने।

११. प्राथमिकता निर्धारणका मापदण्ड र आधार तथा विधिबमोजिम विषयगत रूपमा आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने।

१२. दुई वा सोभन्दा बढी वडा समेटिने तथा वडाको सीमाले नपुग्ने आयोजनाहरू आवश्यक भएमा महत्वपूर्ण आयोजना तथा कार्यक्रमको छुट्टै सूची तयार गरी कार्यपालिकामा पेस गर्ने।

१३. उपलब्ध बजेट सीमा र प्राथमिकताक्रमको आधारमा आयोजना तथा कार्यक्रम छनौट गर्ने।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

१४. छनौट भएका आयोजना तथा कार्यक्रमको विवरण तयार गरी कार्यपालिकामार्फत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गर्ने।

१५. वडाको बजेट सीमाभित्र कार्यान्वयन हुन नसक्ने वडाका महत्वपूर्ण आयोजना तथा कार्यक्रम भएमा नगरस्तरीय आयोजनाको रूपमा आयोजना बैंक (Project Bank) का लागि संलग्न ढाँचा बमोजिम छुट्टै प्राथमिकता निर्धारण गरी पठाउने।

## (ख) वडा समितिले आयोजना तथा कार्यक्रम प्राथमिकीकरण गर्दा अवलम्बन गर्नुपर्ने आधारहरू

१. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (३) बमोजिमका प्राथमिकताका विषयहरूका साथै नेपाल सरकार तथा प्रदेश सरकारका आवधिक योजनाको लक्ष्य, उद्देश्य र रणनीतिहरू, दीगो विकास लक्ष्यहरू, रोजगारी सिर्जना, गरिबी तथा बेरोजगारी न्यूनिकरण, आर्थिक उपार्जन तथा उत्पादनमा बढोत्तरी, सीप तथा क्षमता अभिवृद्धि, उद्यमशीलता, सशक्तिकरण, जलवायु परिवर्नतका प्रभाव न्यूनिकरण, सेवा प्रवाहमा प्रत्यक्ष योगदान पुग्नेगरी वडास्तरीय आयोजना तथा कार्यक्रम छनौट गर्ने।

२. आयोजना तथा कार्यक्रम छनौटमा प्राथमिकीकरण गर्दा क्रमशः वडाको शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, पोषण, कृषि तथा पशु क्षेत्रको विकास, लक्षित वर्गको सशक्तिकरण, स्वरोजगार तथा उद्यमशीलता, तालिम तथा क्षमता विकास, सार्वजनिक सेवा- प्रवाह, र वडास्तरीय पूर्वाधार विकासमा सर्वैभन्दा बढी ध्यान दिने।

३. वडाहरूलाई कृषि उत्पादन र उत्पादकत्वको केन्द्रका रूपमा विकास गर्न वडामा सम्भावना भएका वेमौसमी तरकारी खेती, फलफूल, खाद्यान्न, मत्स्यपालन, मौरीपालन, र पशु सेवा सम्बन्धी कार्यक्रमहरू (जस्तै, भैंसीपालन, उन्नत गाईपालन, बाख्रा पालन, घाँस खेती) छनौट गरी पठाउने।

४. व्यावसायिक कृषकहरू पहिचान र छनौट गरी मागमा आधारित कार्यक्रमहरू छनोट गर्ने।

५. कृषि यान्त्रिकरण सम्बन्धी कार्यक्रमहरू जस्तै, मिनि टिलर, पावर टिलर, च्यापकटर छनौट गर्ने।

६. भौतिक पूर्वाधार क्षेत्रतर्फका आयोजनाहरू छनौट गर्दा छिटो प्रतिफल दिने, वडास्तरमा रोजगारी सिर्जना गर्ने, पुँजी निर्माणमा सहयोग गर्ने, दीगो एवम् गुणस्तरीय, कार्यान्वयनयोग्य तथा आर्थिक वर्ष २०८३/८४ मा सम्पन्न हुने आयोजनाहरूलाई उच्च प्राथमिकता दिने।

७. निर्माण भइसकेका तर मर्मत सम्भार तथा संरक्षण गरी उपयोग गर्न सकिने प्रकृतिका भौतिक संरचनाहरूलाई आयोजना छनौटमा प्राथमिकता दिने।

८. आयोजना तथा कार्यक्रम छनोट गर्दा अधुरो तथा अपुरा हुने गरी बजेट विनियोजन नगर्ने। साथै, हाल अधुरा रहेका तथा निर्माणाधीन आयोजनाहरूलाई उच्च प्राथमिकता दिदै सम्पन्न हुने गरी बजेटको पर्याप्त व्यवस्था गर्ने।

९. वडास्तरीय सडक विस्तार तथा स्तरोन्नतिका आयोजना छनोट गर्दा सडक गुरूयोजनाले तोकेको न्यूनतम् मापदण्ड बमोजिम कम्तिमा ६ मिटर चौडाइका सडकहरू मात्र समावेश गर्ने।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

१०. भौतिक पूर्वाधारका आयोजनाहरू छनौट गर्दा अनुत्पादन तथा टुक्रे आयोजनाहरू (जस्तै, स-साना ट्रस तथा भवन निर्माण, धार्मीक संरचनाहरू, घेर पर्खाल, खेलमैदान, तारबार, पार्क तथा स्मृति पार्क, गेट तथा स्मृति गेट, स्वागतद्वार, भ्यूटावर, मूर्ति निर्माण तथा खरिद, सामुदायिक भवन निर्माण, आदि) छनौट नगर्ने।

११. त्यस्तै, विभिन्न समूह तथा समुदायका लागि डि.जे. खरिद, टेन्ट खरिद, भाँडाकुडा तथा फर्निचर खरिद, जस्ता वितरणमुखी कार्यक्रमहरू छनौट नगर्ने।

१२. महिला तथा घरेलु हिंसामुक्त क्षेत्र, बालबालिकामैत्री तथा अपाङ्गमैत्री वडा तथा नगरपालिका घोषणा जस्ता अभियान सञ्चालनमा प्रत्यक्ष योगदान गर्ने खालका कार्यक्रम छनौट गर्ने।

१३. बालबालिकाको बौद्धिक विकासमा सघाउ पुऱ्याउने खालका कार्यक्रमहरू (जस्तै, चित्रकला प्रतिस्पर्धा, बुद्धिचाल प्रतियोगिता, वडास्तरका समस्याहरूको अध्ययन प्रतिवेदन लेखन, सञ्चार सीप तथा नेतृत्व विकास, आदि) छनोट तथा प्राथमिकीकरण गर्ने।

१४. स्थानीय कच्चा पदार्थ तथा स्रोत साधनको उपलब्धताका आधारमा वडामा रोजगारी सिर्जना गर्ने खालका कार्यक्रमहरू जस्तै, काठ तथा बेत बाँसको प्रयोगबाट विभिन्न सामाग्री बनाउने, सालको पातको दुना टपरी बनाउने, मसलाजन्य सामाग्री उत्पादन गर्ने खालका लघु उद्यमसम्बन्धी कार्यक्रमहरू छनोट गर्ने।

१५. बाल क्लब, इको क्लब (Eco-club), र जुनियर तथा युवा रेडक्रस समूहका लागि लागु पदार्थ दुर्व्यसन, विद्यार्थीहरू तथा युवाहरूबीच बढ्दो झडप, बालविवाह, छुवाछुत तथा जातीय विभेद, छाउपडी लगायतका कुप्रथाविरूद्धका सचेतनामूलक कार्यक्रमहरू छनोट गर्ने।

१६. विद्यालयमा खानेपानी तथा सरसफाईसम्बन्धी आधारभूत संरचनाहरू (जस्तै, धारा, शौचालय, स्यानिटरी प्याड व्यवस्थापन) निर्माणलाई प्राथमिकता दिने।

१७. शैक्षिक गुणस्तर अभिवृद्धिका कार्यक्रमहरू (जस्तै, अतिरिक्त कक्षा सञ्चालन, अभिभावकसँग छलफल तथा अन्तरक्रिया, प्रयोगात्मक सिकाई, आदि) छनोट गर्ने।

१८. वडाको आन्तरिक आयमा बढोत्तरी हुने खालका आयोजना तथा कार्यक्रमहरू पेस गर्ने। साथै, वडाको आन्तरिक आय वृद्धि कार्ययोजना समेत पेस गर्ने।

१९. वडाले बजेट विनियोजन गर्दा एकमुष्ट तथा अवण्डा रकम नराखी स्पष्ट रूपमा आयोजना तथा कार्यक्रमहरूको नाम तथा ठेगाना लगायतका विषय तोकेर मात्र विनियोजन गर्ने।

२०. वडा कार्यालयले प्रशासनिकतर्फका कार्यक्रम छनौट गर्दा कर्मचारी तथा पदाधिकारीका लागि मोबाइल फोन खरिद, झोला खरिद, छाता तथा रेनकोट खरिद, स्लिपिङ्ग ब्याग खरिद, ट्र्याकसुइट खरिद जस्ता कार्यक्रमहरू छनौट नगर्ने।

२१. चालुतर्फका कार्यक्रममा विनियोजन कुशलत हासिल गर्न उच्च मितव्ययिता तथा आवश्यकता र औचित्यका आधारमा मात्र रकम विनियोजन गर्ने।

२२. वडाबाट अन्तरपालिका भ्रमण तथा अवलोकन जस्ता कार्यक्रमहरूमा बजेट विनियोजन नगर्ने।



CamScanner

"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"

# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः- २०८२/०८३
चलानी नम्बरः- 2170

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

२३. वडास्तरीय आयोजना तथा कार्यक्रमहरूको तथ्यांक संकलन, व्यवस्थापन र अभिलेखीकरणसम्बन्धी कार्यक्रम छनौट गर्ने।

## फाराम नं. १: बस्तीस्तरीय भेलाका सहभागी र माग तथा संकलन भएका आयोजना तथा कार्यक्रम

बस्तीस्तरीय भेलाको विवरण राख्दा बस्तीस्तरमा छनौट गरिएका आयोजना तथा कार्यक्रमहरूलाई तपसिलको ढाँचामा राखी वडा समितिमा पेस गर्ने।

| क्र. सं. | भेलाको स्थानः बस्ती तथा टोल र वडा | भेला सम्पन्न भएको मिति | माग तथा संकलन भएका आयोजना तथा कार्यक्रमको सङ्ख्या | भेलामा सहभागीको सङ्ख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल सङ्ख्या | महिला | दलित | जनजाति | मुस्लिम | मधेसी | बालबालिका | ज्येष्ठ नागरिक | अपाङ्गता भएका | अन्य लक्षित वर्ग खुलाउने |
| | | | | | | | | | | | | | |

## फाराम नं. २: वस्ती तथा टोलस्तरको आवश्यकता पहिचान तथा आयोजना तथा कार्यक्रम छनौट

| विषयक्षेत्र तथा उपक्षेत्र | के उपलब्ध छ? (सम्भावना) | के छैन? (आवश्यकता) | के हुनु पर्छ? (आयोजना तथा कार्यक्रम) |
|---|---|---|---|
| आर्थिक क्षेत्रः कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी तथा वित्तीय क्षेत्र, आदि। | | | |
| सामाजिक क्षेत्रः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सँस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, आदि। | | | |
| पूर्वाधार क्षेत्रः सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार, आदि। | | | |
| वन, वातावरण तथा विपद् व्यवस्थापनः वन तथा भूसंरक्षण, जालधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारूणयन्त्र सञ्चालन, आदि। | | | |
| संस्थागत विकास, सुशासन र सेवा प्रवाहः ऐन, कानून तर्जुमा, संस्थागत विकास, स्रोत परिचालन, योजना व्यवस्थापन, सेवा प्रवाह, सूचना व्यवस्थापन, आदि। | | | |



CamScanner

"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"

# परशुराम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः- २०८२/०८३
चलानी नम्बरः- १७२०

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

फाराम नं. ३:– वस्ती तथा टोल छनौट भई वडा समितिमा पेस गर्ने आयोजना विवरण फारम

| विषय क्षेत्र | आयोजना कार्यक्रम विवरण | | | लागत अनुमान (रु. हजारमा) | | | | लाभान्वित घरधुरी/ जनसंख्या | माग गर्ने समूह टोल/समुदाय वा वस्तीको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | स्थल/स्थान | परिमाण | समुदायको योगदान | न.पा. | अन्य | जम्मा | | |
| आर्थिक विकास | १.<br>२. | | | | | | | | |
| सामाजिक विकास | १.<br>२. | | | | | | | | |
| पूर्वाधार विकास | १.<br>२. | | | | | | | | |
| वन, वातावरण र विपद् व्यवस्थापन | १.<br>२. | | | | | | | | |
| सुशासन र सेवा प्रवाह | १.<br>२. | | | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन

फोनः ०९६४११००४, फ्याक्सः ०९६४११००४

CamScanner